# प्रतिवद्धता–पत्र

**आदरणीय क्षेत्र नं. २ का मतदाता एवम सिन्धुलीवासी जनसमुदायहरु,**
**नमस्कार ।**

हाम्रो पार्टी नेपाली कम्युनिष्ट पार्टी सुशासन, समृद्धि र सामाजिक न्यायको केन्दिय कार्यभार पुरा गर्न कटिवद्ध रहेको छ । साथै जेन–जी (Gen–Z) विद्रोहको भावनालाई आत्मसाथ गरेर अगाडी वढेको तथ्य पनि सर्वविदितै छ । साथै आम जनताले उपभोग गरिरहेको नागरिक अधिकार, लोकतन्त्र, संघीयता, समावेशीकरण धर्म निरपेक्षता आदि ल्याउनको लागि संघर्ष र नेतृत्व गरेको पार्टीको उम्मेदवारको हैसियतले भन्दछौ कि व्यवस्था हामीले बदल्यौ अव अवस्था पनि हाम्रै सामथ्यले वदल्न सक्छौ । यस सन्दर्भमा सर्वप्रथम जनयुद्ध, जनआन्दोलन तथा जेन–जी विद्राह लगाएत सबै खाले शोषण, दमन र उत्पीडन विरुद्धको आन्दोलनमा शहादत प्राप्त गर्नुहुने महान शहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु ।

**आदरणीय मतदाताज्यूहरु,**

आगामी फागुन २१ गते प्रतिनिधी सभा सदस्यको निर्वाचन हुँदैछ । यस निर्वाचनमा म नेपाली कम्यूनिष्ट पार्टीको तर्फवाट सिन्धुली क्षेत्र नं–२ मा उम्मेदवारको रुपमा प्रस्तुत भएको छु ।फागुन २१ गते हुने निर्वाचन नियमित हुने निर्वाचन हैन जेन–जी विद्रोहका कारण संसद विघटन पश्चात नयाँ जनादेशमा गई देशलाई संविधानको मूल टयाकमा ल्याउनको लागि भएको निर्वाचन हो । यहाँहरुले मलाई २०७९ सालमा भएको प्रतिनिधीसभा सदस्य निर्वाचनमा अत्यधिक मतले विजय गराउनुभयो । मैले सिन्धुलीको वीरतापूर्ण इतिहासलाई संसदमा आवाज मार्फत गुन्जायमान गराउन सफल भए । त्यति मात्र हैन सिन्धुली जिल्लाका भुई मान्छेका वेदनाका आवाजहरु सदन मार्फत सरकारलाई अवगत गराए। सुनकोसी नदीले वर्षौंनी जमिन कटान गरी सुकुम्वासी वनाएका भुमिहिनहरुको र गरिवीको आवाज संसदमा रेकर्ड गराए। मरिण, हरिहरपुरगढी क्षेत्रका गरिबीमा परेका नदी कटानका कारण घरवार विहिन भएका अनि आवज विहिनहरुका आवाजलाई सदनमा ठूलो आवाजका साथ बोलें । साथै कमलामाई नगरपालिका, घ्याङलेख गाउँपालिका, मरिण गाउँपालिका, हरिहरपुरगढी गाँउपालिका र सुनकोसी गाउँपालिका लगाएत समग्र सिन्धुली जिल्लाका विकास निर्माण, कृषिद्य रोजगार लगायतका समस्याहरुको वारेमा संसद मार्फत कडा स्वरका साथ सरकारलाई खवरदारी गरे। उपयुक्त समस्या समाधानको लागि पहल पनि गरे । सदनमा प्रस्तुत मेरो आवाजहरु सरकार सुन्न बाध्य भयो । कयौ जनताका समस्याहरु, विकास निर्माणका योजनाहरू पुरा भए। केहि पुरा हुन बाँकी छन । ति पुरा हुने प्रक्रियामा रहेका कार्यहरु सफलतापूर्वक सम्पन्न गर्नको लागी मेरो उम्मेदवारी हो । जुन यहाँहरुले अमूल्य

★ चुनाव चिन्ह तारा ★

मतका साथ निर्वाचित गराइदिनुभयो भने मात्र सम्भव छ । फेरी पनि उहि जोसको साथ जनताको पिर मर्कालाई समाधान गर्न लाग्नेछु। विकास निर्माणका योजनाहरुलाई अहोरात्र खटेर भएपनि पुरा गर्नेछु । जतिसुकै अवरोध गरेपनि मेरो भष्ट्रचार विरोधी अभियान कदापी रोकिने छैन । समाजमा सुशासन कायम गरी समग्र विकासका लागि सधै प्रयत्नशील रहने मेरो पाइलाहरु अझ सशक्त हुनेछन ।

## आदरणीय क्षेत्र नं. २ सिन्धुलीवासी मतदाताज्यूहरु,

विपतमा होस या विकासमा कयौ वर्ष देखि सिन्धुलीमा नेतृत्व तहमा वसेर काम गरेको सबै महानुभावहरु जानकार नै हुनुहुन्छ । निर्वाचित जनप्रतिनिधी हुँदा होस या निर्वाचित जनप्रतिनिधि नहुँदा होस आवश्यकता अनुसार नेतृत्व गर्दै आएको कुरा यहाँहरुलाई थाहा नै छ । भुकम्पको वेलामा महिनौ सम्म चामलको वोरा वोकेर भुकम्प पीडितहरुको घर–घरमा पुगेको यहाँहरुको मानसपटलमा ताजा हुनुपर्छ सायद । कोरोना कहरको अवधिमा लकडाउनको कारण उपत्यकावाट घर जान निस्केका नागरिकहरुलाई खानपिन र आवासको व्यवस्था अनि हजारौं नागरिकलाई गन्तव्य सम्म पुग्नको लागि यातायातका साधनको प्रवन्ध गरेको विषय पुन स्मरण गराउयन चाहन्छु । साथै क.न.पा.–६ शिवनगरमा अक्सिजन प्लान्ट सहितको आइसोलेसन भवन निर्माण गरिएको तथ्य जगजाहेर रहेको छ । जसको कारण सिन्धुलीवासी जनसमुदाय ढुक्कका साथ कोरोना कहरको समयमा जीवनयापन गरिरहेका थिए ।

सिन्धुली क्षेत्र नम्वर २ को उम्मेदवारको हैसियतले प्रस्तुत गरेको मेरो प्रमुख प्रतिबद्धताहरु:–

- राष्ट्रिय स्वाधिनताको रक्षाद्य समृद्धि र समाजवादको निर्माणमा सशक्त भुमिका निर्वाह गर्ने र सचेतन पहल लिने प्रतिबद्धता व्यक्त गर्दछु ।
- संविधानको मर्म र भावना अनुसार ऐनहरु निर्माणद्य निर्माण भएका ऐनहरुको प्रभावकारी कार्यान्वयन र समयानुकुल संशोधन गर्न पहल गर्ने ।
- करिव ३३ महिनामै संसद विघटन भएका कारण गत निर्वाचनमा जानतासँग गरिएका प्रतिवद्धताहरु पुरा गर्ने ।
- संविधानमा व्यवस्था भएको मौलिक हकहरुको व्यवहारिक कार्यान्वयका लागि आवश्यक कानुन निर्माणमा जोड दिने ।
- पालिका सदरमुकाम देखि वडा सदरमुकाम सम्मको सडकहरुको स्तरउन्नती गर्ने ।

  - निर्माणाधिन सडकहरुको लागि आवश्यक वजेट विनियोजन गर्न पहल गर्ने ।
  - संघियताको मर्म अनुसार स्थानीय प्रदेश र संघीय सरकारको समन्वयमा ग्रामीण सडकहरु निर्माणको लागि पहल गर्ने ।

★ चुनाव चिन्ह तारा ★

- कमलामाई लगायत अन्य पालिकाहरुको आवश्यक ठाउँमा रिङरोड वा चक्रपथ निर्माण गर्ने।
- दुम्जा लालबन्दी सडक निर्माण कार्य सम्पन्न गर्ने ।
- आवश्यकता अनुसार पक्की पुल निर्माण गर्ने ।
- खोला खहरे र नदी नियन्त्रण गर्न पहल गर्ने ।

➢ राष्ट्रिय प्राथमिकताको आयोजनाहरु
- सुनकोशी–मरिण ड्राइभर्सनद्य
- कोखाजोर जलासयुक्त आयोजनाद्य
- चियावारी खुर्कोट सुरुङ मार्गद्य
- मरिणमा अवस्थित रागाको मासु निर्यात गर्ने योजना समयमै सम्पन्न गर्न पहल गर्ने ।

➢ कृषिमा आधुनिकिकरण, व्यवसायिकरण र यान्त्रीकरणको माध्यमवाट स्थानीय प्रदेश र संघीय सरकारको साझेदारीमा पालिकामा उत्पादन हुने अन्न, तरकारी, जडिवुटि लगायत बस्तुहरुको पहिचान र पकेट क्षेत्र निर्धारण गरि व्यवसायिकतामा जोड दिने ।

➢ कमलामाई न.पा. ६ सिन्धुलीमा मिनि ट्रमा सेन्टर निर्माण गर्ने । विपन्न नागरिकहरुलाई सहुलियत पूर्ण उपचार गर्न पहल गर्ने ।

➢ एक घर एक धारा योजना अन्तरगत स्वच्छ खानेपानीको प्रबन्ध गर्ने । सुनकोशी–मरिण ड्राईभर्सन मार्फत कमलामाई नगरपालिकाको ४, ५, ६, ७ वडामा दिर्घकालीन खानेपानी समस्याको समाधान गर्ने ।

➢ संघीय शिक्षा ऐन, निजामति कर्मचारी ऐन लगायत अन्य आवश्यक ऐन, नियमावली निर्माण, कार्यान्वय र सविधानको मर्म अनुसार संशोधन गर्न पहल गर्ने ।

➢ सामुदायिक विद्यालयको गुणस्तर सुधार र शैक्षिक हव निर्माण गर्न पहल गर्ने ।

➢ सिन्धुलीको पुरातात्विक, धार्मिक, साँस्कृतिक कला केन्दहरुको संरक्षण, सम्बर्धन गर्न पहल गर्ने।

➢ गौरवपूर्ण इतिहास वोकेका सिन्धुलीगढी, हरिहरपुरगढी, पञ्चकन्या पोखरी, माइस्थान मन्दिर लगायत संरचनाहरुको निर्माण, पुन निर्माण गरि पर्यटन हवको रुपमा विकास गर्न पहल गर्ने ।

★ चुनाव चिन्ह तारा ★

- मरिण र हरिहरपुरगढी क्षेत्रमा लगानीकर्ता भित्र्याएर औद्योगिक जोन निर्माण गर्न पहल गर्ने ।
- ग्रामिण विद्युतीकरणको व्यवस्था गर्न पहल गर्ने ।
- आवश्यक ठाउँमा टेलिकमका टावर निर्माणमा पहल गर्ने ।
- भुमिहिन सुकुम्वासी, अव्यवस्थित वसोवास गर्ने र किसान मजदुरको समस्या समाधान गर्न पहल गर्ने ।
- सदनमा प्रभावकारी भुमिका निर्वाह गर्ने ।

**अन्त्यमा,**

आदरणीय मतदाता ज्यूहरु मुलत प्रतिनिधिसभा सदस्यको जिम्मेवारी भनेको नागरिकहरुको सेवा, मागको आधारमा विकास निर्माण र राष्ट्रलाई आवश्यक पर्ने नीति निर्माण गर्नु नै हो । म निर्वाचित भएर गइसकेपछी उल्लेखित कार्यमा दत्त चित्त भएर लाग्ने प्रतिबद्धता गर्दछु ।यहाँहरु सिन्धुलीवासीहरु शिर कदापी झुक्न दिइने छैन बरु आफ्नो मातृभुमीको माटो र जनसमुदायप्रति मेरो शिर झुक्नेछ । सदैव शिर झुकाइरहनेछु । म निरन्तर र निशर्त जनताको सेवामा अविचलित लागिरहनेछु । मैले गर्ने कार्यहरुमा कुनै स्वार्थ हुने छैन । विना कुनै विभेद जनसेवामा लागिरहनेछु । निर्वाचनमा प्रस्तुत गरेको प्रतिबद्धताहरु जनताहरुको विचमा खाएको कसम हो । जनताकै घर आगनमा निरन्तर आएर उक्त कसम पुरा गर्नेछु । यसर्थ हाम्रो पार्टी नेपाली कम्युनिष्ट पार्टीको तारा चिन्हमा मतदान गरी क्षेत्र नं. २ सिन्धुलीबाट अत्यधिक मतका साथ विजयी गराईदिनहुन हार्दिक अपिल गर्दछु ।

लेखनाथ दाहाल (राजन)
प्रतिनिधिसभा सदस्य उम्मेदवार
निर्वाचन क्षेत्र नं. २ सिन्धुली

★ चुनाव चिन्ह तारा ★